कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

सुचना नः ०५-२०८३।८४

प्रस्ताव आव्हान सम्बन्धि सूचना!

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२६
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०७/१५

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको आ.व. २०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सुनसरी जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७(संशोधन सहित) र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ (संशोधन सहित) बमोजिमका शर्तहरु पालना गरी सुनसरी जिल्ला अन्तर्गतका इच्छुक कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। यस विषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०२५-५६५१६२ मा सम्पर्क गर्नहुन वा यस कार्यालयको प्रदेशको वेबसाइट www.vhlssunsari.gov.np बाट प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ तथा पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्मस २०८२ र सो को पहिलो संशोधन २०८३ डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ।

विशेष अनुरोध र जानकारीः

१. अनुदानसँग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित स्थानीय तह पशु सेवा शाखा तथा विज्ञ केन्द्रमा उपलब्ध गराइनेछ।

२. सम्पर्क व्यक्तिहरुः
- धिरेन्द्र प्रताप ठाकुर (सुचना अधिकारी/मत्स्य विकास अधिकृत): ९८५२०८०९९५
- डा. नेहा श्रेष्ठ (पशु विकास अधिकृत): ९८१७३७४४९९

३. आवेदन दस्तुरः संस्थागत रु. २००/- तथा ५० लाख भन्दा बढी कुल लागत भएको प्रस्तावकको हकमा रु. ५००/-

४. आवेदन दर्ता गर्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुनसरी।

कार्यक्रमहरु

सि.नं.	कार्यक्रमको नाम	इकाई	परिमाण	प्रति ईकाई अधिकतम उपलब्ध हुने अनुदान रकम रु.	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु/ मापदण्डहरु/उपलब्ध हुने समाग्रीहरु

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com

डा. मनोज कुमार महतो
कार्यालय प्रमुख

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

१.	व्यवसायिक पशुपालन फार्ममा यान्त्रिकरण सहयोग (५०% अनुदान)	पटक	१	बजेटको परिधिमा रही कृषकको माग अनुसारको यन्त्र उपकरणको कुल लागतको ५०% (जम्मा बजेट रु. ४० लाख)	**साना व्यवसायिक गाईभैंसीपालन फर्म:** कम्तिमा १० वटा उन्नत दुधालु गाईभैंसि पालन गरी कम्तिमा दैनिक ३० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **मझौला व्यवसायिक गाईभैंसिपालन फर्म:** ११-३० वटा उन्नत दुधालु गाईभैंसि पालन गरी कम्तिमा दैनिक ७० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **ठुला व्यवसायिक गाईभैंसिपालन फर्म:** कम्तिमा ३१ वटा उन्नत दुधालु गाईभैंसि पालन गरी कम्तिमा दैनिक २०० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **उपलब्ध गराउन सकिने यन्त्र उपकरणहरु:** TMR/Feed mixture, Power Chaff cutter, Silage cutter/Crusher, Fodder/hammer mill. Milk Analyzer, Pasteurizer, cream separator, boiler, Chilling Vat and generator, Automatic Dung Scrapper, Air circulator, AI Equipment, Knap sack, Dung Dryer for organic manure, Water Pump/high pressure washer/jet sprayer, Cow lifter, Transportation vehicle for dairy and meat purpose)
२.	व्यवसायिक मत्सयपालन फार्ममा यान्त्रिकरण सहयोग (५०% अनुदान)	पटक	१	बजेटको परिधिमा रही कृषकको माग अनुसारको यन्त्र उपकरणको कुल लागतको ५०% (जम्मा बजेट रु. १० लाख)	व्यवसायिक मत्स्य फर्म, मत्स्य ह्याचरी/नर्सरीकर्ताहरु • कम्तिमा ६ कठ्ठा जलाशय पुग्ने गरी पोखरी निर्माण गरेको हुनुपर्ने व्यवसायिक माछापालनका लागि नेपाल सरकारले सिफारिस गरिएका माछाहरुको हकमा मात्र लागु हुनेछ। मत्स्य ह्याचरी तथा नर्सरीको हकमा ह्याचरी तथा नर्सरीसंग सम्बन्धित सम्बद्ध पूर्वाधार तथा आवश्यक पोखरी संख्या भएको हुनुपर्नेछ। उपलब्ध गराउन सकिने मत्स्य औजार तथा उपकरणहरु: Aerator, Submersible Motor, pellet Feed Machine, Automatic Feeder, Multiparameter, Air blower/Compressor, Motor boring set, Feed storage Bin, Water Filter, Feed spreader, Solar boring set, Oxygen Cylinder with Regulator,Water Analysis kit, Weighing Machine , Silpaulin Pond Liner, Suction Pipe, Bird control Device and Grass cutter

२०८३/०६/१२
डा. मनोज कुमार महतो
कार्यालय प्रमुख

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

३.	चिलिङ्ग भ्याट स्थापना(१००० लिटर)	संख्या	२	कुल लागतको ७५% वा बढीमा रु. दश लाख मात्र (जम्मा बजेट रु.२० लाख)	व्यवसायिक गाईभैंसि फर्म, चिलिङ्ग सेन्टर, डेरी उद्योग/पसल,पशुपालन कृषक समुह/समिति/सहकारी • दैनिक कम्तिमा ७०० लिटर दुध संकलन गरेको हुनुपर्नेछ। (थप जानकारीको लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ को परिच्छेद-३ को कार्यक्रम न. ५.४)
४	निजी पाराभेट/पशु चिकित्सकलाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरीदमा सहयोग	संख्या	१०	बजेटको परिधिमा रही कुल लागतको ७५% (जम्मा बजेट रु. ५ लाख)	ग्रामिण क्षेत्रमा कम्तिमा २ वर्ष देखि अभिछिन्न सेवा गरिरहेका निजी पराभेट/निजी पशु चिकित्सक (थप जानकारीको लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन मापदण्ड, २०७८ को परिच्छेद-३ को कार्यक्रम न. ७.२)

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. तोकिए बमोजिमको ढाँचामा आवेदन पत्र र कार्ययोजना।
२. राजश्व तिरेको रसिद।
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
४. आधिकारिक निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
५. प्यान / भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)
६. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि (धनीपुर्जा र मालपोत तिरेको रसिद; लिजमा लिएको भए जग्गाको हकमा कम्तिमा १० वर्ष अवधिको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि)। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)
८. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र।
९. विगत ३ वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र।
१०. स्थानीय तहमा किसान सूचीकरण गरेको भएमा सोको प्रमाणपत्र (त्यस्ता प्रस्तावकलाई प्राथमिकता दिइनेछ)। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)
११. समूह / समिति / सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com

२०८३/०४/१२
डा. मनोज कुमार म
कार्यालय प्रमुख

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

१२. एकाघरको परिवारको नाममा जग्गा भए मन्जुरीनामा। (कार्यक्रम न. ४ को हकमा आवश्यक नपर्ने)
१३. लागत साझेदारी गर्ने रकमको श्रोत / बैंक स्टेटमेन्ट / वित्तीय संस्थाको प्रतिबद्धता पत्र।
१४. अन्य थप कागजात कार्यक्रमको प्राविधिक मापदण्ड अनुसार माग गर्न सकिने छ।

२०८३।०६।१२
डा. मनोज कुमार महतो
कार्यालय प्रमुख

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com